१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३०३ ॥ २०८१ पुष ०९ गते मंगलबार (24th Dec 2024 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

# बिर्तामोड ६ को भद्रपुर माविको अतिक्रमित जग्गा खाली गराइने

बिर्तामोड(प्रस)। वर्षौंदेखि अतिक्रमित झापाको बिर्तामोड ६ मा रहेको भद्रपुर माध्यमिक विद्यालयको सरकारी जग्गा खाली गराउने प्रक्रिया शुरु भएको छ । भद्रपुर माविको नाममा रहेको १७ विगाह १० कठ्ठा जग्गा अनाधिकृत व्यक्तिले अतिक्रमण गरी बस्ती बसालेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कार्वाही अघि बढाएसंगै भद्रपुर माविले जग्गा खाली गराउने प्रक्रिया थालेको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीले गत कात्तिक २७ गते जिल्ला प्रशासन कार्यालय झापालाई पत्र पठाउँदै बिर्तामोड ६ स्थित भद्रपुर माविको नाममा रहेको जग्गा अनाधिकृत व्यक्तिहरुले अतिक्रमण गरी बस्ती बसालेको भन्ने उजुरी सम्बन्धमा छानबिन गर्न लेखिआएकाले उक्त विद्यालयको विद्यालयको नाममा रहेको जग्गाको जग्गाधनी प्रमाणपुर्जा तथा कागजपत्रसहित विद्यालयको प्रतिनिधि आफ्नो कार्यालयमा पठाइदिन अनुरोध गरेको छ । जसको बोधार्थ जिल्ला प्रशासन कार्यालय र बिर्तामोड नगरपालिकाको ६ नं वडा कार्यालयलाई बुझाइएको छ । अख्तियारले कार्वाही शुरु गरेपछि भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेल , भद्रपुर माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष बुद्धिमान लिम्बू, नापी कार्यालय र मालपोत कार्यालयका प्रतिनिधिसहितको टोलीले अतिक्रमित जग्गाको केही दिनअघि निरीक्षण गरेको थियो । निरीक्षणका क्रममा भद्रपुर माविको जग्गा अतिक्रमण भएको पाइएको नगर प्रमुख पोखरेलले बताए । 'धेरै समयदेखि थपिदै गएको भद्रपुर माविको जग्गाको समस्यालाई समाधान गर्नैपर्ने



जग्गाको क्षेत्रफल के कति रहेको हो ? के कति जग्गा अतिक्रमणमा परेको हो ? उक्त जग्गाको हालको अबस्था कस्तो छ ? के कुन कारणले अतिक्रमण हुन गयो ? को कसले अतिक्रमण गरेका हुन् ? सो सम्बन्धमा सत्य तथ्य बुझी रायसहितको छानबिन प्रतिवेदन पेश गर्न निर्देशन दिएको थियो । त्यस सम्बन्धमा कार्य गर्न सम्बन्धित निकाय नापी कार्यालय भद्रपुरलाई गत कात्तिक २९ गते सहायक प्रमुख जिल्ला अधिकारी सुरेश आचार्यले पत्र पठाएका थिए । जिल्ला प्रशासन कार्यालयको पत्र आएपछि नापी कार्यालयले मंसिर २ गते भद्रपुर माविलाई पत्र पठाएको थियो । नापी कार्यालयले उक्त स्थानमा देखिएको छ' उनले भने, 'हामी जग्गालाई व्यवस्थित गरेरै छाड्छौं । '

भद्रपुर माविको जग्गामाथिको अतिक्रमण र आफूखुशी किनबेचका बारेमा करिव पाँच वर्षअघिदेखि नै अख्तियारले अनुसन्धान थालेको हो । दुई वर्षअघि आयोगले भद्रपुर माविका तत्कालीन प्रधानाध्यापक कुलबहादुर गुरुङसँग बयान लिएको थियो । बयानका क्रममा भद्रपुर माविको नाममा रहेको कि नं. ९१ सहित सम्पूर्ण साढे १७ विगाह जग्गाको हालको अबस्थाका बारेमा सोधिएको थियो । त्यस जग्गामा ३४ परिवारबाट ३०५ हुँदै अहिले हजारभन्दा बढी परिवारले घर बनाएका छन् ।साढे १७ विगाह जग्गाको धनीपूर्जा भद्रपुर माविको नाममा भएपनि विचौलियाहरुले अतिक्रमण गरी आफूखुशी जग्गा किनबेच गर्दै आएका छन् ।सरकारी जग्गामा घर बनाएको र बनाउन दिएर लाखौं रकम असुलेको विषयमा पनि अख्तियारले छानविन थालेको हो । सरकारी जग्गा हिनामिनाका विषयमा केही जागरुक स्थानीयहरुले २०७६ मंसिर २८ गते अख्तियारमा उजुरी दिएका थिए । त्यस उजुरीउपर सुनुवाई गर्दै अख्तियारले विद्यालयको सरकारी जग्गामा के भएको हो भनी जवाफ पठाउन २०७६ पुष १७ गते भद्रपुर माविलाई पत्र पठाएको थियो । त्यस पत्रको जवाफ विद्यालयले २०७६ माघ २१ गते फर्काएको थियो । आबश्यक कागजातसहितको विद्यालयको पत्रमा कित्ता नं ९१ को जग्गामा मोहीको लगत रहेको तर सम्बन्धित मोहीले जोतभोग गर्न छाडेको निकै भएको , जग्गामा बस्नेहरुले वर्षौंदेखि ठेक्का नतिरेको , मोहीको लगतमा नदेखिएका व्यक्तिहरुले गैरकानुनी र मनोमानी ढंगबाट आर्थिक चलखेलसमेत गरी बाटो खन्न र घर बनाउन दिएको भन्ने उल्लेख थियो । आफूखुशी गरिएको आफ्नो जग्गा खाली गराउनका लागि भद्रपुर मावि लागिपरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लिम्बूले बताए । 'सरकारी जग्गामा बल मिच्याइँ गर्न पाइदैन' उनले भने,' नीति नियमलाई सबैले मान्नु पर्छ ।'

अख्तियारले कार्वाही प्रक्रिया अघि बढाएसंगै भद्रपुर माविले पनि तदारुकता देखाएपछि त्यस जग्गामा बसेका बसोबासीहरुले राजु रायमाझीको संयोजकत्वमा एउटा समिति बनाएका थिए । तर, आपसी कुरा नमिल्दा त्यो समिति आइतवार विघटन भएको जनाइएको छ । बिर्तामोड ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वाले विद्यालयको सरकारी जग्गा मास्न नपाइने बताउँदै जग्गा खाली गराउँदा वर्षौंदेखि बसोबासीलाई विद्यालयले व्यवस्थापन गर्नुपर्ने प्रतिक्रिया दिए । ठूलो जनघनत्व रहेको बिर्तामोड ६ को त्यस जग्गामा ७ वटा टोल विकास संस्था रहेका छन् ।

# रवि लामिछानेको सांसद पद निलम्बनमा

झापा(प्रस) । पूर्वगृहमन्त्री रवि लामिछानेको सांसद पद निलम्बित भएको छ । सम्पत्ति शुद्धीकरण कसुरमा समेत अभियोगपत्र दर्ता भएपछि संसद् सचिवालयले लामिछानेको सांसद पद निलम्बनमा परेको सूचना प्रकाशित गरेको हो ।

संघीय संसद्का महासचिव पद्मप्रसाद पाण्डेयले लामिछानेको सासंद पद निलम्बनमा परेको सूचना प्रकाशित गरेका छन् ।

चितवन क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्यमा निर्वाचित लामिछानेविरुद्ध आइतबार कास्की जिल्ला अदालतमा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण सम्बन्धी समेत मुद्दाको पूरक अभियोगपत्र दर्ता भएको थियो । जिल्ला सरकारी वकिलको कार्यालय कास्की र जिल्ला प्रहरी कार्यालय कास्की (अपराध अनुसन्धान तथा कारबाही शाखा) ले सभामुख देवराज घिमिरेलाई सम्बोधन गरी लामिछानेविरुद्ध अभियोगपत्र दर्ता गरेको व्यहोरा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २७ को प्रयोजनार्थ जानकारीका गराएको संसद्का महासचिव पाण्डेयले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २७ मा 'प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन भएको मानिनेछ,' भन्ने व्यवस्था रहेको छ । रास्वपाले सोमवार नै उपसभापति डीपी अर्यालजाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएको छ । सोमबार बसेको रास्वपा सचिवालय बैठकले कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति अर्याललाई दिने निर्णय गरेको हो । लामिछाने सांसदबाट निलम्बित भएपछि रास्वपा संसदीय दलले पनि नयाँ नेता चुन्नुपर्नेछ । संसदीय दलको बैठक तत्काल बोलाइएको छैन, संसद् अधिवेशन आह्वान गरेपछि बस्ने बताइएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले आइतबार लामिछानेसहित ३१ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता गरेको थियो । पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा उनीहरूविरुद्ध ३ वटा कसुरमा मुद्दा दर्ता भएको हो । लामिछानेसहित पूर्वडीआईजी छविलाल जोशी, लिला पछाई, रामबहादुर खनाल र कृष्णबहादुर गुरूङविरूद्ध

❖ बाँकी अन्तिम पृष्ठमा




# हुलाक कार्यालयका प्रमुख आचार्य र छोराको हत्या

झापा(प्रस) । जिल्ला हुलाक कार्यालय दिक्तेलका कार्यालय प्रमुख कुलप्रसाद आचार्य र उनका छोरा प्रबिन आचार्यको भक्तपुरमा हत्या भएको छ । भक्तपुरको बालकोटमा हत्या भएको अवस्थामा बाबु-छोराको शव फेला परेको बताइएको छ ।




खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका घर भई बालकोट बस्दै आएका ५६ वर्षका कुलप्रसाद आचार्य र उनका २२ वर्षका छोरा प्रविन आचार्य हत्या भएर मृत फेला परेको जिल्ला प्रहरी परिसर भक्तपुरले जनाएको छ । कुलप्रसाद आचार्य जिल्ला हुलाक कार्यालय दिक्तेलमा कार्यरत थिए । केही दिनअघि मात्र दिक्तेलबाट भक्तपुर छोराहरु भएको ठाउँमा गएको आचार्यका छिमेकी एवम् नेपाल पत्रकार महासंघ खोटाङका अध्यक्ष हरिबोल आचार्यले बताए । बाहिरबाट चाबी लगाएको अवस्थामा कोठाभित्रै सोमबार बिहान उनीहरुको शव फेला परेको हो । प्रहरीका अनुसार उनीहरूको शरीरका विभिन्न ठाउँमा चोट रहेको छ । भक्तपुर प्रहरी परिसरको टोली घटनास्थलमा पुगेर अनुसन्धान सुरु गरिसकेको छ । यसैगरी, सँगै बस्दै आएका कुलप्रसादका जेठा छोरा मिलन आचार्य भने सम्पर्कविहीन छन् । उनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# झापा कपको उपाधि चर्च ब्वाइजलाई

बिर्तामोड(प्रस) । झापा कपको पहिलो संस्करणको उपाधि चर्च ब्वाइज युनाइटेडले जितेको छ । उपाधिसँगै चर्च ब्वाइजले नगद १० लाख रुपैयाँ प्राप्त गरेको छ ।
उपविजेता एनआरटी क्लबले ५ लाख रुपैयाँमा चित्त बुझायो । चर्च ब्वाइजले एनआरटीलाई फाइनलमा ३-१ गोलअन्तरले हरायो ।चर्च ब्वाइजले जितसँगै १० दिनअघि सम्पन्न इलाम गोल्डकपको फाइनलमा एनआरटीसँग व्यहोरेको हारको बदला लिएको छ । इलाम गोल्डकपको फाइनलमा चर्च ब्वाइजलाई एनआरटी क्लबले ३-० गोल अन्तरले पराजित गरेको थियो ।
गत वर्ष यही रंगशालामा आयोजित झापा गोल्डकपको छैटौं संस्करणमा पनि चर्च ब्वाइजले उपाधि हात पारेको थियो ।
बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा भएको झापा कपको फाइनल खेलको सुरुवातमा एनआरटीले बल पोजिसन राखेको




थियो । स्कोर भने हुन नसक्दा एनआरटीले उपाधि हात पार्न असफल भएको हो ।
खेलको २१ औं मिनेटमा चर्च ब्वाइजले अग्रता लियो । चर्च ब्वाइजका समिर तामाङले एनआरटीका डिफेन्डरको मिसपासलाई सदुपयोग गर्दै गोल गर्न सफल भए । मैदानको मध्यभागबाट सिंगल खेल्दै गोलरक्षकको हातबाट फुत्किएको बललाई वान टचमा जाली चुमाए ।
४३ औं मिनेटमा चर्च ब्वाइजले अग्रता दोब्बर बनायो । रोहन कार्कीले डिबक्समा मिलाइदिएको पासलाई डिबक्समा अनमार्क रहेका विदेशी खेलाडी अर्मान्डले गोल गरे । त्यसको लगत्तै एनआरटीले १ गोल फर्कायो । विदेशी खेलाडी कार्लोसले दिएको क्रस पासमा कप्तानसमेत रहेका अञ्जन विष्टले गोल गर्दै नतिजा १-२ बनाएका थिए ।
खेलको अतिरिक्त समयमा समिर तामाङको पासमा अर्मान्डले गोल गर्दै चर्च ब्वाइजको जित सुनिश्चित पारे । खेलको प्लेयर अफ द म्याच विजेता टिम चर्च ब्वाइजका समिर तामाङ भए । उनले नगद १० हजार रुपैयाँ पुरस्कार पाए ।

प्रतियोगिताको उत्कृष्ट गोलरक्षक चर्च ब्वाइजका क्रिशल मोक्तान, प्रतियोगितामा सर्वाधिक गोलकर्ता एनआरटीका अञ्जन विष्ट, झापा ट्यालेन्टका रुपमा छनोट भएका झापा-११ का प्रदिप बुढाथोकीले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाए ।
मस्ट भ्यालुएबल प्लेयर चर्च ब्वाइजका रोहन कार्की भए । उनले नगद १ लाख रुपैयाँ पुरस्कार पाए ।
यसैबीच, झापा ११ एफसीका व्यवस्थापक गोपाल राईलाई क्लबले नगद २५ हजारसहित लाइफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गरेको थियो ।

विजेता तथा उपविजेतालाई प्रमुख अतिथि संविधानसभा सदस्य सुधीरकुमार शिवाकोटी, गोर्खा टी इस्टेटका सञ्चालक उदय चापागाईं, आयोजक झापा ११ एफसीका अध्यक्ष जलकुमार गुरुङ, नेपाल उद्योग वाणिज्य महासंघ कोशीका पूर्वअध्यक्ष टिकाराज ढकाल, अर्जुनधाराका नगरप्रमुख बलदेवसिंह गोम्देन, बिर्तामोडका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला, प्रमुख प्रशासकीय अधिकृत मिलन भट्टराई, भद्रपुर झापा गोल्डकपका अध्यक्ष दिपेश ढकाल, महासचिव जीवनकुमार श्रेष्ठलगायतले पुरस्कार वितरण गरेका थिए ।

## गाँजा र ब्राउनसुगर बरामद

झापा(प्रस) । आइतवार राति सुनसरीको बराहक्षेत्र-१ स्थित पट्नाली खोलाको बगरमा ९७ केजी गाँजा बरामद भएको छ । राति १०.२५ बजे चतरा सशस्त्र प्रहरीको गस्ती टोलीलाई देखेर गाँजा तस्कर झोला छोडेर भागेका थिए ।

त्यस्तै आइतवार साँझ ४.५० बजे मोरङ धनपालथान- ४ ललैयाधार स्थित भित्री सडकखण्डमा प्रहरी टोलीले चेकजाँच गर्दा धनपालथान- ३ का ३५ वर्षीय दिपेन्द्र मण्डलको साथबाट २८ ग्राम १८० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । त्यसपछि मण्डलको घरमा थप खानतलासी गर्दा ३८ ग्राम ८३० मिलिग्राम ब्राउनसुगर र डिजिटल तराजु बरामद भएको थियो ।
प्लास्टिकसहित जम्मा ६७ ग्राम १० मिलिग्राम ब्राउनसुगरसहित मण्डललाई थप अनुसन्धान लागि इलाका प्रहरी कार्यालय रंगेलीको नियन्त्रणमा राखिएको छ ।

# हल्दिबारीमा कुकुर बन्ध्याकरण शिविर



झापा(प्रस)। हल्दिबारी गाउँपालिकामा सामुदायिक कुकुरहरूको बन्ध्याकरण शिविर सुरू भएको छ। शिविर मंगलवारसम्म संचालन हुनेछ । गाउँपालिकाको कुल ४ लाख रुपैयाँको लागतमा संचालन भइरहेको शिविरमा १४४ कुकुरहरूको बन्ध्याकरण गर्ने लक्ष्य लिएको प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वनले जानकारी दिए ।
शिविरमा सबै वडाबाट कुकुर संकलन गरिदैछ । गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार नै सामुदायिक कुकुरको बन्ध्याकरण शिविरको आयोजना गरिएको हो। कुकुरको आक्रमणबाट जनधनको हुनसक्ने क्षतिबाट बच्नको लागि पनि सामुदायिक कुकुर बन्ध्याकरण शिविर आवश्यक रहेको छ।
सामुदायिक कुकुरका कारण सडक दुर्घटनासमेत बढ्दै गएकाले शिविरबाट यसको संख्या नियन्त्रणसंगै जोखिम पनि कम हुने गाउँपालिका अध्यक्ष रविन्द्र लिङ्देनले बताएका छन्।
यस्तै योजना अधिकृत राजन न्यौपानेले सामुदायिक कुकुरको संख्या घटाउनको लागि बन्ध्याकरण शिविर प्रभावकारी हुने बताए। शिविरमा हाम्रो भेटेरिनरी सेवा सहकारी संस्था लि को प्राविधिक सहयोग रहेको छाशिविरमा संस्थाका अध्यक्ष डा दिलिप सापकोटा , डा सिजन सैजुको टिमले सामुदायिक कुकुरहरूको बन्ध्याकरणमा सहजीकरण गरेका थिए।
सामुदायिक कुकुरहरुले बालबालिका झम्टिने, रातिको समयमा यात्रा गर्न पनि असहज पारिदिने, साना पशु चौपायालाई आक्रमण गर्ने र दुर्घटनासमेत निम्त्याउने गरेका छन् ।

कुकुरहरूलाई बन्ध्याकरण गर्दा रेबिजविरुद्धको खोप पनि लगाइएको पशुपंछी तथा मत्स्य विकास शाखाकी प्रमुख सानुमाया श्रेष्ठले बताइन् ।

# लाभांश बाँड्न छोडेर सुविधा दिनुस्–सहकारी बैंक अध्यक्ष गिरी

झापा(प्रस) । राष्ट्रिय सहकारी बैंकका नवनियुक्त अध्यक्ष महेन्द्रकुमार गिरीले सहकारी संस्थाहरुले अब लाभांश बाँड्न छोडेर सुविधा बृद्धि गर्नुपर्ने बताएका छन् । यति उति लाभांश दिन्छु भनेर सहकारीहरुले शेयर हाल्न लगाउने काम अब गर्न नहुने उनले बताए ।

सतासी बहुउद्देश्यीय सहकारी संस्था बिर्तामोड ५ को २१ औं वार्षिक साधारण सभाको उद्‍घाटन गर्दै उनले भने,' अब सहकारी संस्थाहरुले लाभांश दिने माइन्ड चेन्ज गर्नु पर्छ ।' पहिलो पटक राष्ट्रिय सहकारी बैंकको अध्यक्ष बनेका सहारा नेपाल साकोसका प्रमुख कार्यकारी अधिकृतसमेत रहेका गिरीले आफूले सहकारी बैंकलाई परिवर्तन नगरी ६ महिनासम्म भाषण गर्ने कार्यक्रममा सहभागी नहुने योजना बनाएको बताउँदै सतासी बहुउद्देश्यीय सहकारी संस्थाको कार्यक्रममा सहारा नेपालको प्रतिनिधित्व गर्दै आएको धारणा राखे । राम्ररी चल्न नसकिरहेका सहकारीका डिपार्टमेन्ट स्टोर र सहकारी उद्योगलाई सस्तो व्याजमा ऋण दिने योजना रहेको सुनाए । नेतृत्वले चाहँदा परिवर्तन असंभव नरहेको भन्दै उनले सहकारी बैंकलाई परिवर्तन गरेर मूलधारमा ल्याएरै छाड्ने प्रतिवद्धता जनाए ।
सतासी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष रुद्रमणि श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला सहकारी संघका सदस्य केशब बस्नेत , बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने, कर्णाली बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष टसबहादुर श्रेष्ठ, महिला उद्यमी संघ झापाकी अध्यक्ष सुष्मा पौडेललगायतले शुभकामना मन्तव्य राखेका थिए ।
कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष गिरी र सतासी बहुउद्देश्यीय सहकारीका निवर्तमान प्रवन्धक सन्तोषकुमार श्रेष्ठलाई दोसल्ला र कदरपत्रसहित सम्मान गरिएको थियो । कार्यक्रममा अध्यक्ष रुद्रमणि श्रेष्ठले वार्षिक प्रतिवेदन र लेखा सुपरीवेक्षण समितिका संयोजक दिनेश शाक्यले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए । सदस्य सचिव झलेन्द्रप्रसाद दाहालले संचालन गरेको कार्यक्रममा स्वागत उपाध्यक्ष सुजता गुरुङ थापा मगरले गरेकी थिइन् ।

## तीन भरुवा बन्दुक र मृगको मासुसहित दुई शिकारी पक्राउ

झापा(प्रस)।सुनसरीको बराहक्षेत्र नगरपालिका-१ स्थित तल्लो बगुवा टोलबाट प्रहरीले तीनथान भरुवा बन्दुक र मृगको मासुसहित दुईजना शिकारीलाई पक्राउ गरेको छ । सोमबार इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रमुख विकास राई नेतृत्वको टोलीले बन्दुकसहितका शिकारीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता डीएसपी रामप्रसाद तिमल्सिनाले बताए।
चतराको चारकोशे जङ्गलमा मृग मारेर मासु काटिरहेको अवस्थामा प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको डीएसपी तिमल्सिनाले बताए । बराहक्षेत्र नगरपालिकाका-१ का ४४ वर्षीय मनबहादुर राई र ४२ वर्षीय राजेन्द्र राईलाई पक्राउ गरिएको उनले बताए । पक्राउ परेका शिकारीलाई सोमबार सार्वजनिक गर्दै प्रहरीले उनीहरुमाथि अनुसन्धान भइरहेको बताएको छ । पक्राउ परेका शिकारीको साथबाट तीनथान भरुवा बन्दुक र ५ केजी मृगको मासु बरामद भएको प्रहरीले जनाएको छ । सिकारीहरूले सुनसरीको कोशी ट्प्पु, चतरा, नडाहा, बक्लौरी, तालतलैया, पानबारी,धरानलगायतको चारकोशे जङ्गलमा हरिण,बँदेल,मृग,कालिजलगायतका जंगली जनावरको शिकार गरी एक हजारदेखि १२ सय रुपैयाँ केजीका दरले बिक्री गर्दै आएको खुलेको छ।


**लिटल सनसाइन इङ्लिस स्कुल प्रा. लि.**
बिर्तामोड -५ ,झापा
तेस्रो पटक प्रकाशित मिति-२०८१/९/९
**नाम परिवर्तनको सूचना**
कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८१/०८/१६ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको बिराट -अर्जुन इङलिस स्कुल प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरि श्री कम्पनी रजिष्टारको कार्यालयको मिति २०८१/०८/२७ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरि लिटल सनसाइन प्राइमरी स्कुल प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**ग्लोबल गेट्वे एण्ड मल्टीपल बिजिनेश सोलुसन प्रा.लि.**
झापा
दोस्रो पटक प्रकाशित मिति-२०८१/९/९
**नाम परिवर्तनको सूचना**
कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८१/०८/०५ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको अल इन वान मल्टिपल बिजिनेश सोलुसन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरि श्री कम्पनी रजिष्टारको कार्यालयको मिति २०८१/०८/२७ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरि ग्लोबल गेट्वे एण्ड मल्टीपल बिजिनेश सोलुसन प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।


# ५ देशमा नियुक्त भएका राजदूतहरूले लिए शपथ

झापा(प्रस) । राष्ट्रपति रामचन्द्र पौडेलले ५ देशमा नियुक्त भएका राजदूतहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन् ।
राष्ट्रपति भवन शीतल निवासमा आयोजित समारोहमा उनले भारत, रुसी महासंघ, बेलायत, स्पेन र दक्षिण कोरियाका नवनियुक्त राजदूतहरूको शपथ गराएका हुन् ।
भारतका लागि शंकरप्रसाद शर्मा, दक्षिण कोरियाका लागि डा शिवमाया तुम्बाहाङ्फे, स्पेनका लागि शनिल नेपाल, बेलायतका लागि चन्द्रकुमार घिमिरे र रुसका लागि जंगबहादुर चौहान राजदूत नियुक्त भएका छन् ।
शपथ ग्रहण समारोहमा नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरूको समेत उपस्थिति रहेको शीतल निवासले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

## रवि ..

सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा दर्ता भएको हो । त्यस्तै विभिन्न ८ वटा कम्पनीविरुद्ध पनि मुद्दा दर्ता भएको छ । त्यस्तै ५ जनाको सम्पत्ति जफत गर्नुपर्ने सरकारी वकिलको कार्यालयको राय छ । लामिछानेसँग सहकारी ठगीअन्तर्गत सामूहिक बिगो १ करोड ६२ लाख ६५ हजार, व्यक्तिगत बिगो १ करोड ७५ लाखसहित सम्पत्ति शुद्धीकरणमा २७ करोड ८९ लाख ४४ हजार रुपैयाँ बिगो मागसहित अभियोगपत्र दर्ता भएको हो ।

प्रहरीले लामिछानेसहित ५१ जनाबाट डेढ अर्ब रूपैयाँ बिगो असुल्नुपर्ने र सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउनुपर्ने राय दिएको थियो । लामिछानेका हकमा सहकारी ठगीमा ४ देखि ६ वर्षसम्म कैद, संगठित अपराधमा थप ५० प्रतिशत सजाय र सम्पत्ति शुद्धीकरणमा २ देखि १५ वर्ष कैद र बिगोको दोब्बर जरिवाना लगाउनुपर्ने राय प्रहरी अनुसन्धान प्रतिवेदनमा उल्लेख छ ।

जिल्ला सरकारी वकिल कार्यालयले सहकारी ठगीमा गत वर्ष मुद्दा दायर भएका १९ जनाविरूद्ध कसूर र बिगो थप गर्दै पूरक अभियोगपत्र शुक्रबार नै अदालतमा दर्ता गरिसकेको छ । सहकारी ठगीका मुख्य योजनाकार जीबी राईलाई संगठित अपराध, सम्पत्ति शुद्धीकरण र राष्ट्र बैंक ऐन विरूद्धको कसूरमा मुद्दा चलाइएको छ ।





**वायु प्रदुषणको असर कम गरौं**

- व्यक्तिगत स्वारीको सट्टा ठूला र एकैपटकमा धेरैले प्रयोग गर्न मिल्ने सार्वजनिक सवारीको प्रयोग बढाऔं,
- डिजेल र पेट्रोलबाट चल्ने सवारी साधनको विकल्पमा विद्युतीय सवारी साधनको प्रयोग गरौं,
- आँफूले प्रयोग गर्ने सवारी साधनको ईन्जिन राम्रोसँयु मर्मत गरौं, नियमित प्रदुषण जाँच गरौं,
- उद्योग तथा कलकारखानामा प्रदुषण नियन्त्रण प्रविधिहरू प्रयोग गरौं,
- फोहोरमैलालाई जलाउने कार्य नगरौं, उचित व्यवस्थापन गरौं,
- कच्ची सडकहरू मर्मत तथा कालोपत्रे गरौं,
- वृक्षारोपण गरौं, बनजंगलको संरक्षण गरौं,
- वायु प्रदुषणको असर कम गर्न सहयोग गरौं । स्वस्थ वातावरण निर्माणमा योगदान पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# एनपीएलले दिएको उत्साह

**अन्तर्राष्ट्रियस्तरका ख्यातिप्राप्त खेलाडी अनुबन्ध गराएर खेलाइएको एनपीएल नेपालमा नयाँ शुरुवात हो । यो शुरुवात मात्र होइन, नयाँ प्रयोग पनि हो, जसले आगामी दिनमा अन्तर्राष्ट्रिय खेल नेपालमै आयोजना गर्न सम्भव छ भन्ने आधार तयार गरेको छ ।**

**छिमेकी देश भारतमा हुने आइपीएलको हरेक वर्ष चर्चा हुनु सामान्य जस्तै भइसकेको छ । तर त्यही स्तरको खेल नेपालमा आयोजना गर्न सकिन्छ भन्ने हाम्रा लागि मीठो कल्पनाको विषय मात्र हुन्थ्यो । अहिले यो व्यवहारमै सम्भव भएको छ, यसले निश्चय नै देशभित्र र अन्तर्राष्ट्रिय खेल क्षेत्रमा समेत महत्वपूर्ण सन्देश प्रवाह गरेको छ । झण्डै तीन साता नेपाललाई क्रिकेटमय बनाउनु यसको सबैभन्दा महत्वपूर्ण पक्ष हो । यसको उद्घाटन र समापनमा मात्र होइन, हरेक खेलमा दर्शकहरुको जुन आकर्षण देखियो, यसले खेल क्षेत्रलाई निश्चय नै उत्साहित बनाएको छ । देशभित्र राम्रा प्रतियोगिताहरु आयोजना गर्दा जनस्तरबाट उल्लेख्य समर्थन प्राप्त हुन्छ भन्ने तथ्य यसले स्थापित गरेको छ ।**

**अन्तर्राष्ट्रियस्तरका ख्यातिप्राप्त खेलाडीसमेतको सहभागितामा नेपाली खेलाडीले प्रतिस्पर्धा गर्ने र त्यसमा अझ कतिपय नयाँ प्रतिभाको खोजी गर्ने सवालमा पनि यो एनपीएललाई सफल मान्न सकिन्छ । उदाहरण नै दिने हो भने पनि कर्णालीका बिपिनप्रसाद शर्मा जस्ता खेलाडीको पहिचान हुनु महत्वपूर्ण छ । १६ वर्षे शर्माले खेल अवधिभर आफूलाई अन्तर्राष्ट्रिय खेलाडीसँगको खेलमा अब्बल मात्र देखाएनन्, सिंगो प्रतियोगिताकै 'इमर्जिङ प्लेयर'को उपाधि हात पारे । अब उनलाई राष्ट्रिय खेलाडी बन्नबाट कसैले रोक्न सक्दैन । जसले आफूलाई क्रिकेट क्षेत्रमा समर्पित गर्न चाहन्छन्, उनीहरुले यसबाट धेरै सिक्न पाएका छन् । यस्ता अन्तर्राष्ट्रियस्तरका प्रतिस्पर्धाहरु बढाएर नै नेपाललाई खेल क्षेत्रमा अघि बढाउन सकिन्छ ।**

**यो प्रतियोगिता खेलाडीमा मात्रै सीमित भएन । यसले राज्यलाई आँखा देखाउने काम गरेको छ भने समाजका अन्य क्षेत्रलाई खेलसँग जोड्ने काम गरेको छ । अन्तर्राष्ट्रिय खेल मञ्चहरुमा नेपालले एकपछि अर्को उपाधि जितिरहेको छ । देशभित्र खेलप्रति जनस्तरमा पनि ठूलो आकर्षण बढिरहेको छ तर यति महत्वपूर्ण क्षेत्रको विकासका लागि राज्यको लगानी नगण्य मात्रामा छ । अहिलेसम्म पनि नेपालमा राम्रो क्रिकेट मैदान नहुनु राज्यका लागि लज्जाको विषय हो । त्यसमा पनि यो प्रतियोगिताले आँखा देखाइदिने काम गरेको छ ।**


Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# एनपिएलले उघारेको सपना



• डा शोभाकर पराजुली

देशको खेल इतिहासमै पहिलोपटक भएको नेपाल क्रिकेट लिग (एनपिएल) को भव्यताले आम खेल क्षेत्रमा एक प्रकारको उत्साह र उमङ्ग छाएको छ । यो नेपालको सबैभन्दा धेरै धनराशि लगानी गरिएको पहिलो घरेलु प्रतियोगिता हो । यसले देशीय मात्रै नभई अन्तर्राष्ट्रियरुपमा पनि चर्चा बटुल्न सफल भयो । यसले नेपाली खेल र खेलाडीको अन्तर्राष्ट्रिय परिचय उचाइमा पुर्‍याएको मात्रै छैन, बरु खेल क्षेत्रको विकासमा नयाँ आयाम पनि थपिदिएको छ ।

जसरी नेपाली खेलाडीको अन्तर्राष्ट्रिय परिचय उँचो भएको छ, त्यो भन्दा अग्लो नेपाली क्रिकेटको परिचय अन्तर्राष्ट्रियस्तरका खेलाडीहरूले पनि बनाइदिएका छन् । एनपिएलमा सहभागी आठ फ्रेन्चाइज समूहका लागि विभिन्न देशबाट आएका दर्जन बढी अन्तर्राष्ट्रिय खेलाडीले नेपाल र नेपाली खेलकुदलाई विश्व मञ्चमा पहिचान पुर्‍याउन सहयोग पुगेको छ । विदेशी खेलाडी नेपालको घरेलु प्रतियोगितामा भाग लिन आउँदा नेपाली खेलाडीमा उत्साह मात्रै सञ्चार भएको छैन, बरु उनीहरूले नेपालको प्राकृतिक र नेपाली भूगोलको समेत परिचय विश्वमाझ पुर्‍याएका छन् । यसरी हेर्दा क्रिकेटको यो घरेलु महाकुम्भले खेलमात्रै नभएर आर्थिक, सामाजिक र पर्टकीय हिसाबले पनि देशलाई निकै फाइदा पुगेको छ र सँगसँगै क्रिकेटको यो महामेलाले खेलको मनोरञ्जन मात्रै नभएर देशको अर्थतन्त्रलाई एउटा दिगो दिशा पनि दिएको छ । यो सँगै एनपिएलएले सामाजिक एकता तथा साम्प्रदायिक सद्भावको सुगन्ध पनि छरेको छ ।

नेपालमा धेरै प्रकारका खेलहरू छन् । ती सबका आआफ्ना महत्व, मान्यता र इतिहास छन् । तिनले हाम्रो समाजलाई भावना र आत्मीयरुपमा पनि जोडिआएका छन् । कुनै कुनै खेलहरू यस्ता पनि छन्, जसले समुदायको पहिचान बोकेका हुन्छन्, इतिहास बोकेका हुन्छन् । ती आफैंमा हाम्रा समाजिक र सांस्कृतिक पहिचान पनि बनेका छन् । कतिपय खेलले नेपाललाई अन्तर्राष्ट्रियरुपमा चिनाइरहेका छन् । त्यस्तै पछिल्लो समय नेपाललाई चिनाउने एउटा आयाम बनेको छ, क्रिकेट पनि ।

क्रिकेटको विश्व इतिहास सदियौं लामो छ । १६ औं शताब्दीको शुरुवाततिर बाहिर खेलिन थालेको यो खेल नेपालमा भने १९औं शताब्दीतिरमात्रै शुरुवात भएको देखिन्छ । त्यो बेलाको राजनीतिक र सामाजिक व्यवस्था अनि अवस्थाका कारण यो खेल कुनै बेला दरबारका पर्खालभित्र मात्रै सीमित थियो । अर्थात् शासकहरूले आफ्नो परिवारको मनोरञ्जनका लागि मात्रै यो खेल खेल्न शुरु गरेका थिए । शासकीय दायराबाट विस्तारै गल्ली र मैदानसम्म आइपुगेको क्रिकेटले अहिले चौतर्फी उत्साह थपिरहेको छ । साँघुरा गल्ली, खेलबारी र अप्ठ्यारा मैदानबाट उठेर नेपाली क्रिकेट अहिले विश्वस्तरीय प्रतिस्पर्धासम्म पुगिसकेको इतिहास छ । यो खेलको साँघुरो इतिहास अहिले यो निकै विराट भइसकेको छ र अझ उज्यालो भविष्यको यात्रामा अघि बढिरहेको छ । १६ औं शताब्दीतिर युरोपबाट सुरु भएको यो खेल अब विश्वभरि फैलिइसकेको छ । र, यो खेल अब मात्रै मनोरञ्जनका लागि मात्रै रहेन, बरु क्रिकेट अब कैयौ राष्ट्रका लागि अर्थतन्त्रको एउटा हिस्सा बनिसकेको छ ।

नेपालमा कुनै बेला बेलायततिरको सिको गरेर राणाहरूले आफ्ना सन्तान र परिवारबीच मनोरञ्जनका लागि पर्खालभित्र शुरु गरेको क्रिकेट अहिले हरेक नयाँ जन्मिने बालकको सपना बनिसकेको छ । त्यसैमा उनीहरूले भविष्य देखिरहेका छन् र खोजिरहेका छन् । नेपालमा राणा शासनकालदेखि नै क्रिकेटको शुरुवात भएको देखिन्छ । २००४ सालमै नेपालमा क्रिकेट संघ गठन भएको थियो तर त्यसले २०५२ सालमा आएर मात्रै अन्तर्राष्ट्रिय क्रिकेट संघबाट मान्यता पायो । यद्यपि, दरबारका पर्खाल नाघेर आम नागरिकस्तरमा क्रिकेट खेल २००६ सालदेखि नै खेल्न शुरु भएको इतिहासहरू भेटिन्छन् ।

सुधार र आधुनिकतातिर झुकाव राख्ने कतिपय राणा शासकहरूले जनस्तरमै त्यो बेलादेखि क्रिकेट खेलाउन शुरु गरेका थिए । १९१९तिर दरबार हाइस्कुलमा क्रिकेट खेलाइएको थियो तर खुल्लारुपमा २०३७ सालतिर मात्रै राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता आयोजना भयो । यस प्रतियोगितामा अञ्चलस्तरीय समूहहरू सहभागी भएका थिए । त्यसपछि विस्तारै गति लिन थालेको क्रिकेटले २०४६ साल तथा २०६३ सालपछि व्यावसायिकरुपमा पनि गति लिन थाल्यो । यसरी शासकको दरबारिया पर्खाल अनि साँघुरा गल्ली र घाँसे मैदानहरू हुँदै अहिले नेपाली क्रिकेट अब अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको छ । नेपाल अब एकदिवसीय क्रिकेटको मान्यता प्राप्त राष्ट्र मात्रै होइन, विश्वकपको प्रतिस्पर्धासम्म पुगिसकेको देश बन्न सफल भएको छ । पुरुष क्रिकेट मात्रै नभएर नेपालको महिला क्रिकेट पनि अहिले विश्वस्तरीय प्रतिष्पर्धामा भाग लिनसक्ने भइसकेको छ ।

खासगरी अहिले क्रिकेट खेल एशियाली राष्ट्रहरूको एउटा ढुकढुकीका रुपमा स्थापित भइरहेको छ । छिमेकी भारतमा त यो खेल हरेक नागरिकको आस्थाजस्तै बनिसकेको छ । यहाँ क्रिकेटलाई मनोरञ्जन, आर्थिकोपार्जन अनि व्यवसाय मात्रै होइन, यसलाई त धेरै भारतीयले आफ्नो राष्ट्रियताको मानकसमेत बनाइसकेका छन् । अर्थतन्त्रका हिसाबले हेर्ने हो भने त विश्व क्रिकेटको आधाभन्दा बढी हिस्सा भारतकै देखिन्छ । यसमा लगानी गर्नेहरूको तँछाडमछाँड मात्रै होइन, त्यसले गर्दा धेरै खेलाडीको जीवनस्तर पनि उकासिएको छ । अहिले भारतमा ससाना प्रतियोगिताहरू मात्रै होइन, टोलटोलका क्रिकेट खेलाडीहरूको समेत प्रमुख आर्थिक र जीवनको आधार यही खेल बनेको छ र विस्तारै नेपालमा पनि अब हरेक खेलाडीले क्रिकेट खेलेरै जीवन धान्ने आधारहरू तयार भइरहेका छन् । भर्खरै सम्पन्न एनपिएलको पहिलो संस्करण त्यसकै एउटा जीवन्त उदाहरण हो । एनपिएलको पहिलो संस्करणमै देखिएको लगानीको उत्साहले नेपालको अर्थतन्त्रलाई चलायमान बनाएको छ । यसको शुरुआती भव्यताले एकातिर क्रिकेटमाथि लगानी सम्भावनाका ढोकाहरू खुलेका छन् भने यसबाट अरु व्यापार व्यवसायमा पनि फाइदा नै पुगेको छ । नयाँ पुस्ताका खेलाडीहरूलाई आकर्षित गर्न मदत गरेको छ भने स्थापित खेलाडीहरूलाई पनि अब भविष्यका लागि देशै छोड्नुपर्ने बाध्यता हट्दैछ भन्ने सन्देश दिएको छ । खेल खेलेरै नेपालमा पनि आरामदायी जीवन बाँच्न सकिन्छ भन्ने एनपिएलले छोडेको छ ।

हरेक खेल जति व्यक्ति वा उसको व्यक्तिगत स्वास्थ्य तथा मनोरञ्जनका लागि आवश्यक छ, त्यत्तिकै राष्ट्र र राष्ट्रियताका लागि पनि खेलक्षेत्र सबल हुन जरुरी छ । तर हाम्रो राज्यको नीतिगत तहमै खेल क्षेत्रलाई उतिसारो प्राथमिकता दिएको देखिँदैन । त्यसमा पनि खेल अनि खेलाडीको वृत्तिविकासका लागि गठन भएका संघसंस्थाहरूमै राजनीति घुस्दा अझ तहसनहस हुँदै गइरहेको अवस्था छ । टोलका गल्लीहरू हुँदै अन्तर्राष्ट्रिय मैदानसम्म पुगिसकेको नेपाली क्रिकेटको अवस्था पनि त्यो भन्दा फरक छैन । क्रिकेटमात्रै होइन, अहिलेसम्म जति पनि खेलमा नेपालको नाम गाँसिएको छ, त्यो सब मात्रै खेलाडीको आफ्नो मेहनत र परिश्रमबाट मात्रै सम्भव भएको देखिन्छ । राज्यले न खेल क्षेत्रमा लगानी गरेको छ न खेलाडीलाई प्रोत्साहन गर्न सकेको छ ।

अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको क्रिकेटको हकमा पनि राज्यको यही र यस्तै उदासिनता छ । अहिलेसम्म नेपालमा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको क्रिकेट मैदानसमेत छैन । अन्तर्राष्ट्रिय क्रिकेट संघको आधिकारिक मान्यता पाइसकेपछि २०५५ सालमा नेपालले पहिलोपटक अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिताको आयोजना गर्ने मौका पाएको थियो । त्यही मौकामा कीर्तिपुर र पुल्चोकमा क्रिकेट मैदानहरू बनेका थिए । यद्यपि, पहिलोपल्ट भएको त्यो अन्तर्राष्ट्रियस्तरको एसीसी ट्रफीमा नेपाल सबै खेलहरूमा पराजित भयो । तथापि, त्यसबाट नेपालमा क्रिकेटको व्यावसायिक यात्राको शुरुवात भएको मानिन्छ । त्यो बेला बनेको क्रिकेट मैदान नेपालमा ठूला प्रतियोगिताहरू खेल्ने र खेलाउने एकमात्रै रङ्गशाला हो । यति हुँदासम्म पनि राज्यले रंगशालालगायत खेल क्षेत्रको भौतिक विकासमा खासै उदार भएको देखिँदैन । ठाउँठाउँमा मैदानहरू बन्न शुरु भए पनि राज्यले त्यसको अपनत्व नलिँदा ती लथिलिङ्ग अवस्थामा छन् ।

खेल क्षेत्रको यो भौतिक दूरावस्थासँगै कैयौं खेलाडीको पनि त्यस्तै अवस्था छ । एनपिएलकै बेला थाहा भयो विश्वभरि थुप्रै त्यस्ता राम्रा नेपाली खेलाडीहरू पनि छन् । यही प्रतियोगिता खेल्नका लागि विश्वका ठूलठूला क्लबहरूमा खेल्ने नेपाली मूलका खेलाडीहरू पनि एनपिएलमा सहभागी भए । उनीहरूलाई नेपालमै बस्ने वातावरण बनाउनु राज्यको दायित्व हो । त्यस्तै मैदानहरूको अन्तर्राष्ट्रिय मापदण्डअनुसारको स्तरोन्नतिले अरु पनि थुप्रै अन्तर्राष्ट्रियस्तरका प्रतियोगिताहरू यहाँ खेलाउन सकिन्छ भन्ने सन्देश पनि एनपिएलले छोडेको छ । एनपिएलको पहिलो संस्करणमा खेलाडी, खेल क्षेत्र वा आर्थिक तथा सामाजिक क्षेत्रमा जुनखालको उत्साह, उमङ्ग र गतिशीलता देखिएको छ त्यसलाई राज्यले अवसरका रुपमा लिनुपर्छ । सबैभन्दा पहिला खेल क्षेत्रमा झाँगिएको राजनीतिको अन्त्य हुनुपर्छ । अनि राज्यले नीतिगत तहमै खेल क्षेत्रको भौतिक विकास र खेलाडीको व्यक्तिगत जीवनका लागि निर्णायक भूमिका खेल्नुपर्छ ।

# गरिबी न्यूनीकरणका आधार



• भरत गौतम

गरिबीमा जन्मनु दोष होइन तर गरिब भइरहनु दोषको रूपमा हेरिएको हुन्छ । आधारभूत आवश्यकता बास, गाँस, कपाससहित स्वास्थ्य र शिक्षाको पहुँच नहुनु गरिबी हुनु हो । जीवन जिउन व्यवसाय र सिपको अभाव हुनु वा पहुँचबाट टाढा रहनु पनि गरिबी हुनुको कारण मानिन्छ । विश्व बैङ्कले दैनिक एक अमेरिकी डलरभन्दा कम आम्दानी हुनु अति गरिब भनेको छ भने १.९ डलरभन्दा कम आम्दानी हुनेलाई गरिब भनिएको छ । राजनीतिक सचेतना नभएको र अरूको भोट बैङ्कको रूपमा रहेका, आर्थिक रूपमा जनजीविका र व्यावसायिक अवसर लिन नसकेका, भौगोलिक रूपमा दुर्गम विकट, शारीरिक रूपमा २२ सय क्यालोरी खाना नपुग्ने र स्वास्थ्यको सुविधाबाट वञ्चित वा फरक क्षमता भएका, सामाजिक रूपमा पुरातन सोचमा विश्वास गर्ने जातीय र वर्गीय रूपमा अपहेलित, भौतिक रूपमा आवास र आवश्यक सुविधाविहीन मानवीय अवस्थाले गरिबीको चित्रण गरेको हुन्छ ।

अर्थशास्त्री अमर्त सेन दैनिक दुई डलरभन्दा कम आम्दानी हुने गरिबको रेखामुनि भएको र दैनिक आवश्यकताको पूर्ति हुन नसक्ने बताएका छन् । विश्व राजनीतिमा गरिबीको चर्चा बढी हुने गरेको र मित्र राष्ट्र चीनले १० वर्षमा उल्लेख्य रूपमा गरिबी न्यूनीकरण गरेको छ । गरिबीको राजनीति अल्पविकसित र विकासशील देशहरूमा बढी छ । आपसी द्वन्द्व र विपत्‌का कारण पनि गरिबीको मारमा जनता तड्पिरहेका छन् । द्वन्द्वले घरबारविहीन भई शरणार्थी जीवन जिउन बाध्य भएको अवस्था र विपत्का घटनाले जनधनको क्षति भई आश्रयमा बसिरहेको अवस्थाले पनि गरिबीको अवस्था देखिने गरेको छ । विश्व संस्थाहरूले गरिबी न्यूनीकरणमा सहयोग र दबाब दिइरहेका छन् ।

नेपालमा गरिबी न्यूनीकरण गर्न गरिबी निवारण कोष स्थापना गरी दातृ निकायको सहयोगमा गरिबी निवारण गर्ने प्रयास भएका थिए । गैरसरकारी संस्था र तत्कालीन स्थानीय निकायबाट गरिबी न्यूनीकरण गर्न भएका प्रयासको सार्थक परिणाम प्राप्त हुन नसकेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कोषको रकम अनियमितताको अनुसन्धान गरी मुद्दा दायर गरेको विषयले चर्चा पायो । गरिबी निवारण गर्न कबुलियत वनको अवधारणा, साना किसानका लागि कार्यक्रम, सिप सिकाइ रोजगारी सिर्जना गर्ने कार्यक्रमहरू पनि प्रभावकारी हुन नसकेको देखियो । कमैया र हलिया उन्मूलनका कार्यक्रम पनि आए ती कार्यक्रम पनि सार्थक हुन नसकेको गुनासो छ । गरिबी न्यूनीकरण गर्न कस्मेटिक नभई स्थानीय अवस्थाको आकलन गरी व्यावहारिक रणनीतिको खाँचो देखियो । गरिबी न्यूनीकरण गर्न निम्न अनुसारको कार्ययोजनासहितको सोचको आवश्यक छ ।

**गरिब खोज्ने र चिन्ने**

नेपालमा गरिब घरपरिवार परिचय वितरण गर्ने कार्यक्रम सुरु गरिएको र उक्त कार्यक्रमको कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेन । परिचय प्राप्त घरपरिवारलाई राज्यले के गर्ने भन्ने विषय अनुत्तरित थियो । संघीय संरचना हुनुभन्दा धेरै पहिले सुरु गरिएको कार्यक्रम परिवर्तित अवस्थामा झन् दुविधायुक्त हुन पुग्यो । अहिले संघीय संरचनामा तीन तहका सरकारको कार्य जिम्मेवारी तोकिएको छ । नेपालको संविधानको अनुसूची-७ मा संघ र प्रदेशले गरिबी निवारण गर्ने जिम्मेवारी तोकिएको छ । स्थानीय तहको जिम्मेवारीमा बेरोजगारको तथ्याङ्क सङ्कलन र तिनै तहको संयुक्त जिम्मेवारीमा सुकुमवासीको व्यवस्थापन गर्न तोकिएको छ । यी सबै गरिबीको

❖ बाँकी तेस्रो पृष्ठमा

# आँप चोर्दा गेटिसको ढुंगा खाएको बालापन



• रमेश नेपाल

त्यो बालापनमा रमाइलो पलको मिठास बेग्लै थियो। शरीरमा जोश, जाँगर, उमङ्ग अनि हर्षको बतास बेजोड थियो । सायद त्यसैले होला, जिन्दगीको त्यो छोटो अवधि सबैभन्दा खास थियो ।बालापनमा हामी सबैको मन पर्ने पात्र बन्छौं। सबैको प्रिय हुन्छौं। आजभोलि त्यही बालापनमा पाएको माया सम्झँदा पनि मन हर्षले उत्साहित हुन्छ। त्यही मायालाई आँखा चिम्लिएर महसुस गर्दा एउटा जिन्दगी बाँचेर आएजस्तै लाग्छ। सबैजनाको लागि हामी प्यारो हुन्थ्यौं ।त्यो समय बेग्लै थियो। न केही कुराको आश थियो, न त निराशा नै। न केही कुराको चिन्ता थियो, न त पीर नै। न केहि बाध्यता थियो, न केही जिम्मेवारी नै थियो। न केही कुराको डर थियो, न त केही भ्रम। त्यति बेला यो मन साह्रै शान्त थियो। मात्र चंचल थियो।

मेरो बाल्यकालको मित्र कान्ता भुजेल अर्थात कान्तेसँग मेसेन्जर कलमा भलाकुसारी हुँदै थियो । अन्याय फिल्म हेर्दाको रमाईलो गफपश्चात् उसले मलाई फेरि सोध्यो,‘ओए माईला तँलाई अर्को कुरा याद छ ?’ मैले भने, ‘के कुरा यार ?’ उसले भन्यो, ‘क्या त हौ मोटी आमैको आँप चोर्न जाँदा आमैले गेटिसले हानेर निधारमा टुटुल्को उठाईदेको !’ मैले भने, ‘अरे यार किन याद नहुनु !त्यो दिनको याद अझै तााजै छ नि ।’

आजको अंकमा म त्यो बाल्यकालमा आँप चोर्न जाँदाको नालीबेली प्रस्तुत गर्ने जमर्को गर्दैछु । जति बेला म ज्यामिरगढी नि.मा.वि.मा कक्षा ६ मा पढ्दै थिएँ ।शुक्रवारको दिन थियो,हरेक शुक्रवार हाफछुट्टी ।त्यसमा पनि शुक्रवार हाम्रो स्कुलमा अतिरिक्त क्रियाकलाप हुन्थ्यो । त्यो दिन साथी बिनोद कार्कीले स्कुलमा सुमधुर गीत गाएको थियो। बिनोदको स्वर यति मिठो थियो कि, अहिलेजस्तो गायन रियालिटी शोहरु हुन्थे भने बिनोद पनि सुप्रसिद्ध गायक बन्ने थियो होला सायद ।मलाई पनि खै के झोँक चल्यो त्यो दिन, मैले पनि स्कुलमा गीत गाएको थिएँ । स्वर राम्रो त थिएन तर पनि, अघिल्लो दिन बेलुका आमाले सिकाउनु भएको “ घरबेटी बहिनी आँगनीमा देऊ न मलाई बास” भन्ने गीत काम्दै गाएको थिएँ । १ बजेपछि स्कुल छुट्टी भयो । सदाझैँ बिचार्नीबाट स्कुल आउने हाम्रो ग्रुपका साथीहरु म,सुवास,कान्ते,केशब,तिर्थे,धुर्बे,बिनोद,सैलुन,रमेश सँगै घर फर्कदैं थियौ ।बाटोभरि साथीहरुले मलाई मजाक बनाउँदै थिए- आज माईलाले खत्रा गीत गायो भनेर । माईलाले काम्दै गीत गायो भनेर जिस्काउँदै थिए । स्कुलबाट हिँडेको लगभग आधा घण्टापछि हामी बिचार्नी आईपुग्यौं ।बिचार्नी बजारमा केही क्षण अरुले खेलेको क्यारेमबोर्ड हेरेर हामी अर्थात म,सुवास,कान्ते,केशब र तिर्थे त्यहाँबाट फेरि घरतर्फ हिड्यौं । त्यो बेला आँपको सिजन थियो ।अचानक हाम्रो योजना आँप चोर्न जाने बन्यो ।त्यो बेला बिचार्नी बजारको पुछारमा हामी सबैले उनको छेउमा चाहिँ अजी भनेर सम्बोधन गर्ने तर अरु बेला मोटी आमै भन्ने महिलाको घर थियो ।उनको घरपूर्व ३/४ वटा आँपको रुख थिए ।मोटी आमैको ठुलो टाँडे घर थियो ।जुन घर दक्षिणपूर्व फर्किएको थियो ।घरबाट थोरै पर थिए ती आँपको रुख । तर पनि, टाँडे माथिबाट प्रष्ट देखिन्थ्यो ।हो, त्यही आँप चोर्न जाने योजना बन्यो हाम्रो । त्यहाँबाट हामी सबैको घर पनि एकदमै नजिकै थियो ।तर पनि, हामी घर गएनौं ।घर गएपछि त घाँस काट्न बगानतिर जानु पर्छ भनेर घरतिर गएका थिएनौं हामी । स्कुलकै ड्रेसमा किताब बोकेरै हामी बिचार्नी बजार बालेश्वरको दोकानबाट पूर्व लागेर पैनीको बाटो मकैवारी हुँदै आँपको रुख भएको ठाउँ पुगेका थियौं ।सबैले खेतको आलीमा किताब राखेर आँप टिप्न लाग्दै थियौं हामी । म र केशब मान्छे हेर्ने,तिर्थे किताब रुङ्ने, कान्ते ,सुवास आँप टिप्ने ।२/३ वटा आँप टिपिसकेका थिए साथीहरुले ,अचानक सुवासको निधारमा आएर एउटा सानो ढुङ्गा लाग्यो। ऐयाः भन्दै सुवास लड्यो । यसो हेरेको त माथि घरको बरण्डाबाट मोटी आमैले गेटिस पो हान्दै रैछिन् हामीलाई । हामी सब भागारे भाग । हत्तपत्त किताब उठाएर टाप कस्यौं सबैजना । सबै जना बानपैनीतिर भाग्यौं । भाग्ने क्रममा मेरो त हात्ती छाप चप्पल नै चुँड्यो ।चप्पल छाडेर असिन पसिन हुँदै भागेका थियौं हामी । मकैका पातले हात खुट्टा पासेर हैरान । बानपैनीमा पुगेर यसो सुवासको निधारमा हेरेको त बाफरे बाफ सानो टुटुल्को हैन । बिच निधारमै लागेको रहेछ गेटिसमा हानेको ढुङ्गाले । हातले टुटुल्को छोपेर सुवाससहित सबै जना हामी आ-आफ्नो घरतिर लागेका थियौं । त्यसपछि त्यो टुटुल्को नसुकुन्जेलसम्म सुवास स्कुल नै गएन । त्यो हाम्रो बाल्यकालको बदमासी क्षण थियो ।तर, आज सम्झँदा निक्कै रमाईलो लाग्छ । त्यो अबोध क्षण,त्यो बाल्यकालको स्मरण,अनि त्यो रमाईलो पल ।

साथी कान्तेसँगको त्यो मेसेन्जर कलको भलाकुसारीले फेरि पनि मलाई बिचार्नी बजार, लालझोडा स्कुल,कालिकाझार बगान,तल लिम्बूगाउँ छेउको हर्रोको रूख,बिचार्नी स्कुल,अनि निन्दा खोलाको बगरमा खेलेको फुटबल,निन्दाको बगरमा खनेको टटुवा सबै चिजको स्मरण गराएको छ । धन्यबाद छ ,साथी कान्तेलगायत मेरा सबै बाल्यकालका साथीहरुलाई जोसँग मैले मेरा सुन्दर बाल्य अवस्था बिताएको छु ।

साथी कान्तेसँगको भलाकुसारीको अर्को अंकमा बिचार्नी स्कुल छेउमा रहेको कटहरको रुख र नजिकै रहेको लिच्ची बगानमा भएका रमाईला त्यो बाल्यकालको क्षणको बारेमा लेख्ने छु । धन्यबाद

क्रमशः

# कोशी सरकारले निर्माण गर्ने ३८५ सडकको सूची सार्वजनिक

झापा(प्रस) ।कोशी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रदेश सरकारले भविष्यमा निर्माण गर्ने ३८५ वटा सडकको सूची सार्वजनिक गरेको छ ।

प्रदेश सरकारका रणनीतिक सडक सञ्जाल पहिचान र वर्गीकरणका लागि प्रदेश सार्वजनिक सडक ऐन २०७७ को मापदण्ड अनुसार मन्त्रालयले उक्त सडकको सूची राजपत्रमा प्रकाशित गरेको हो ।

जसमा प्रादेशिक सहायक लोकमार्ग अन्तरगत ९६ वटा सडक (३१६३.५८ किमी) र प्रादेशिक मार्ग २८९ वटा (५८१५.५० किमी) सडक प्रादेशिक सडक सञ्जाल सूचीमा रहेका छन् ।

‘संघले रोजेको सडक संघले निर्माण गर्छ । प्रदेशले सूची बनाएको छ त्यो प्रदेशले बनाउँछ र बाँकी सडकहरू स्थायी तहले बनाउँछ,’ भौतिक पूर्वाधार विकास मन्त्री भूपेन्द्र राईले भने, ‘प्रदेश सरकारले सार्वजनिक गरेको सडक सञ्जालको सूचीमा रहेका सडकहरू संघ र स्थानीय तह अन्तर्गत पर्दैनन् ।’ संघको सडक पूर्वपश्चिम महेन्द्र राजमार्ग, मदनभण्डारी राजमार्ग, हुलाकी राजमार्ग, मध्यपहाडी पुष्पलाल राजमार्ग, गाइघाट-दिक्तेल सडकलगायत हुन् ।

मन्त्रालयले ती सडक निर्माण गर्न कति बजेट आवश्यक हुन्छ भन्ने विषयमा भने टुंगो लगाएको छैन । ‘ती सडकमध्ये जुन निर्माण गर्ने हो त्यसको मात्रै डिपिआर गर्ने हो । एकैपटक सबैको डिपिआर हुँदैन । क्रमैसँग हुन्छ,’ भन्त्री राईले भने । सडक सञ्जाल सूचीमा रहेका सडक बाहेक अन्य सडकहरू बीचमा ल्याएर निर्माण नगरिने उनले बताए । ‘उक्त सूचीमा रहेका कतिपय सडकहरू बनिरहेका छन् । कतिपय चालू छन्, कतिपय पाइपलाइनमा छन् । कतिपय पाइपलाइनमा पनि नभएको सडक छन् । अब यी बाहेकका सडकहरू स्थानीय तहको अधिकार क्षेत्रमा रहन्छन्,’ उनले भने ।

उनका अनुसार प्रादेशिक सडक सञ्जाल सूचीमा राखिएका ती सडकहरू २ किलोमिटरदेखि १ सय ८ किलोमिटर लामा सडकहरू छन् । सञ्जालमा राखिएका सडकहरू कुनै कालोपत्रे गर्ने र कुनै ग्राभेल गर्ने काम क्रमशः हुँदै जाने मन्त्री राईले बताए ।

सडक सञ्जालको सूची प्रकाशित गर्नु पनि महत्वपूर्ण कुरा भएको उनी बताउँछन् । ‘ यो धेरै महत्वपूर्ण कुरा हो । अहिलेसम्म प्रदेशका सडकहरू कुन हो भन्ने कुराको पहिचान नै भएको थिएन । सूची बनाउने काम ७६ सालदेखि सुरु भएको रहेछ । निर्णय गर्न नसकेर रोकिएको रहेछ । म मन्त्री भएर आएपछि आवश्यक छलफल गरेर यसलाई टुङ्याइएको हो,’ मन्त्री राईले भने । उनका अनुसार सूची निर्माण गर्न नसक्नुको मुख्य कारण भनेको अनावश्यक दबाब हो । ‘जथाभाबी सडकहरू सञ्जालमा राख्नुपर्छ भन्ने दबाब रहेछ । तर, आवश्यक मापदण्ड बनाएर त्योभित्र पर्नेलाई मात्रै सञ्जालमा राख्ने भन्ने निर्णय गरेपछि यो निष्कर्षमा पुगेको हो,’ उनले भने ।सार्वजनिक भएको प्रादेशिक सहायक लोकमार्गको सूचीमा ७६.४५३ किलोमिटर लामो लरुम्बा- भञ्ज्याङ- इभाङ- गजुरमुखीधाम - मंगलबारे- शान्तिडाँडा- नेपालटार सडक (लरुम्बा- नेपालटार) सडक, ६३.५७७ किलोमिटर लामो भेडेटार- राजारानी रवि राँके सडक, ७० किलोमिटर लामो बहन्डे बजार-थाङ्ला भञ्ज्याङ सडक छन् । यसैगरी ५० किलोमिटर लामो जोरबौद्ध- गर्मा- नेले- चारघरे - मुक्लि -फुलुङ - झरेनी - देउसा - बुङ - गुदेल - सनम - साल्पा सडक, ५४ किलोमिटरको हिले - बोहोराटार सडक, ७४ किलोमिटर लामो टक्सार एरपोर्ट मोड- पिखुवा खोला- कोट- गोगने-पानधारे-तावा भञ्ज्याङ- नविन राई सडक कार्तिके-दिक्तेल बजार सडक, ५५ किलोमिटरर लामो भस्मे- मुर्कुची-ख्यातुङ- भुटार-बराहा-बासबोटे- कुनाई सडक, ७२ किलोमिटर लामो लिखु-कुवापानी-नरकटे- चिलाउने- कोष भञ्ज्याङ- कटुन्जे-थापा चोक-धुस्के सडक, १०८ किलोमिटर लामो रानिटार- पाङछा-बलङ्खा- युन-पाप्माखाम सडक, ९७ किलोमिटर लामो कोथु-हसनपुर- घेडेटार- कोटडाँडा-भोजपुर सडकलगायत गरी ३ हजार १६३.५८ किलोमटर प्रादेशिक सहायक लोकमार्ग रहेका छन् ।यस्तै प्रादेशिक मार्गको सूचीमा रहेका सडकहरुमा ५५ किलोमिटर लामो माझखर्क - थुम्का - प्याङ्ग- चर्खुवा - मेग्बर्ने -भिगाउँ- मिलन चोक सडक, ५२ किलोमिटर लामो ल्हाप्रा - नुनथला - जुभिङ - खरिखोला - पैया - चौरीखर्क सडक देखि ४८ किलोमिटर लामो कार्कीगाँउ-सिँवा-खैजेनिम-साँवा- पापुङ्ग सडक तथा ८४ किलोमिटर लामो सङ्क्रान्ति बजार-ह्वाकु-बिजुरे- लिम्बुनी- निघुरादिन-जुकेटार- हाङपाङ्ग-पभेक- फ्यातु-साँघु सडकलगायत रहेका छन् ।

# गरिबी...

न्यूनीकरण गर्ने विषय हुन । हालको समस्या गरिबको सुविधा अरू गैरगरिबले लिने गरेको र वास्तविक गरिब वञ्चितिमा परेको अवस्था छ । राज्यले जनजीविका, आय, आधारभूत आवश्यकताको उपभोगको अवस्थालगायतका स्पष्ट सूचक बनाई वास्तविक गरिब खोज्नु पर्छ । उक्त काम संघीय सरकारको सल्लाह र प्रदेशको समन्वयमा पालिकाको संयन्त्रबाट गर्दा प्रभावकारी हुन्छ । सूचकको परिणामका आधारमा अति गरिब र गरिबको पहिचान गर्ने काम पहिलो हुनु पर्छ । ती गरिबको परिचय र लगत राखी विकासका कार्यक्रममा उनीहरूलाई जोड्नु पर्छ ।

### गरिबको जीवनस्तर सुधार

गरिबको खोजी भएपछि गरिबीको गहिराइ हेरी प्राथमिकताका आधारमा प्रभावकारी कार्यक्रम लागु गर्नु पर्छ । गरिबका लागि व्यावसायिक र सिपमूलक तालिम कार्यक्रम सञ्चालन गरी हाल्नुपर्ने हुन्छ । स्थानीय स्रोतको उपयोग हुने गरी गरिएका कार्यक्रम दिगो हुने र कम लागतमा प्रभावकारी हुन सक्छन् । कृषिका कार्यक्रममा पशुपालन, तरकारी र फलफूल खेती जस्ता कार्यक्रम बजार प्रेरित गर्ने र बिमासँग जोडी जोखिमको न्यूनीकरण गर्नु पर्छ । पर्यटनतर्फ होम स्टे, हस्तकला, मौलिक सांस्कृतिक कार्यक्रमसँग जोडेर आन्तरिक पर्यटनसमेतलाई प्रवर्धन गरी आयआर्जन गर्न सकिन्छ । स्थानीय घरेलु तथा हस्तकलाका व्यवसायमा समेत गरिब घर परिवारलाई जोड्न आवश्यक छ । स्थानीय जडीबुटीको प्रवर्धनबाट पनि आयआर्जनका स्रोत खोज्न सकिन्छ। गरिब घर परिवारलाई सफल व्यवसायीसँग जोडी प्याकेजिङ, ग्रेडिङ र मौसमी रोजगारीबाट पनि आयआर्जनका स्रोत बनाउन सकिन्छ भने सिप सिकाइ विकास निर्माणका काममा लगाउन अनिवार्य व्यवस्था गर्नु पर्छ । वन र जलस्रोतको उपयोगमा गरिब घरपरिवारलाई प्राथमिकता दिई आयआर्जनका अवसरमा जोड्न सिपमूलक तालिमसहित विशेष ध्यान दिन आवश्यक छ । सरकारका अनुदान गरिबलक्षित हुनु पर्छ र अनुदानले दिगो आयआर्जनमा सहयोग पुग्नेमा ध्यान दिनु पर्छ । वित्तीय संस्थाको प्राथमिकतायुक्त कर्जाको सदुपयोग गरी स्थानीय आवश्यकता पूर्ति हुने साना व्यवसायबाट पनि गरिबको जीवन स्तरमा सुधार गर्न सकिन्छ । यी सबै काममा स्थानीय तहको जिम्मेवारीमा प्रदेश र संघ सरकारको साझेदारी रहनु पर्छ । गरिबको आयआर्जनका कार्यक्रममा विगतमा भएका गल्ती कमजोरीबाट पाठ सिकी सफलताका लागि कठोर कदम चाल्नु आवश्यक छ ।

### गरिबी कम गर्ने आधार

भूगोलको आधारमा हेर्ने हो भने मधेशको गरिबीभन्दा पहाड र हिमालको गरिबीको अवस्था फरक छ । वर्गीय आधारमा अपहेलित परम्परागत रूपमा लुगा सिउने, भाडावर्तन बनाउने र छालाको काम गर्ने शिल्पीकारको अवस्था कमजोर भएकाले उनीहरूको सिपलाई व्यावसायिक बनाई आयआर्जनमा सुधार गर्न सकिन्छ। गरिबीका तहमा रहेका त्यस्ता शिल्पीकारलाई थप तालिम र वित्तीय सहयोग गर्न सके गाउँको माग प्रेरित व्यवसाय हुने हुँदा व्यवसाय दिगो भई आयआर्जन गर्न सहज हुन्छ । अन्य वर्गका परम्परागत पेसालाई व्यावसायिक बनाई बजार केन्द्रित गर्नतर्फ जोड दिनु पर्छ। महिला वर्गमा पनि गरिबी बढी भएको र उनीहरूको कामको राष्ट्रिय तथ्याङ्कमा गणना भएको पाइँदैन यस विषयमा पनि सुधार हुन आवश्यक छ । भूगोल अनुसार स्थानीय तहमा सम्भावना भएका क्षेत्रमा गरिबलक्षित कार्यक्रम जोडी गरिब घरपरिवारको उपयुक्त सहभागिताको बाध्यकारी नीति लागु गरी गरिबी न्यूनीकरण प्रभावकारी बनाउन सकिन्छ ।

### क्षमता विकासमा जोड

गरिबको सोच्ने, वादविवाद गर्ने वा कानुनी आधार लिने विषय कमजोर हुँदा शोषित र पीडित हुनु परेको अवस्था छ । सामाजिक जागरण नागरिक सचेतनाका कार्यक्रम गरी उनीहरूको क्षमता बढाउनुपर्ने हुन्छ । जस्तै विकास निर्माणका काममा गरिब परिवारका श्रमिक छन् तर उनीहरूले समयमा ज्याला नपाउने वा ठेकेदार भाग्ने र ठग्ने जस्ता विषयहरूले चर्चा पाउने गरेको छ । गरिबले उत्पादन गरेका कृषिवस्तु फलफूल तरकारी उत्पादन गरी बिक्री गर्न बिचौलियाको भर पर्नुपर्ने र कम मूल्यमा छोड्नुपर्ने जस्ता शोषणले पनि गरिबी घटाउन चुनौती देखिएको छ । यी प्रतिनिधिमूलक घटना मात्र हुन् । जसले न्याय पाउन मुस्किल परेको अवस्था बताउँछ । स्थानीय तहले यस्ता विषयमा पनि विशेष ध्यान दिई त्यस्ता वर्ग लक्षित व्यावहारिक क्षमता अभिवृद्धि गर्न सचेतनाका कार्यक्रम सञ्चालन गरी क्षमता विकासमा जोड दिन आवश्यक छ ।

माछा मारेर दिनुभन्दा माछा मार्न सिकाउनु सधैँ माछा प्राप्त गर्ने आधार हुन्छ भने जस्तै गरिबको न्यूनीकरणमा पनि यस्तै धारणा बन्नु पर्छ । गरिबीप्रतिको राजनीति आलोचित छ । गरिबीका लागि विगतका कार्यक्रमको प्रभावकारिताको कमजोर अवस्थाको सुधार गर्न शासकीय प्रतिबद्धता आवश्यक देखिन्छ । केन्द्रीय संरचनाले गरिबीको अवस्था बुझ्नुभन्दा स्थानीय तहको नजिक गरिब हुने हुँदा गरिबलक्षित कार्यक्रम संघ र प्रदेशले स्थानीय तहलाई ससर्त अनुदान वा साझेदारी गरी कार्यान्वयनमा सहयोग गर्नु राम्रो हुन्छ । गरिबको गहिराइ बुझी सोही अनुसारका कार्यक्रम लागु भए प्रभावकारी हुने हुँदा स्थानीय स्रोतलाई मुख्य आधार बनाई अघि बढ्नुको विकल्प छैन । भूगोल अनुसारका स्रोतसाधनको आधारमा कार्यक्रम गर्नु पर्छ र गरिबी न्यूनीकरणमा सफलता मिल्छ ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७११

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।